सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ब्यबसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

सुन्दरपुर, कंचनपुर

प.सं.: २०८०/०८१
च.नं: ६
श्री जिल्ला हुलाक कार्यालय,
महेन्द्रनगर, कंचनपुर ।

मितिः २०८१/०४/०७

विषयः बिबरण पठाइएको बारे ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.ब. २०८०/०८१ को श्रावण देखि २०८१ असार मसान्त सम्मको सूचना हक सम्बन्धि ऐन २०६४ को दफा (५) (३) र सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्बजनिक गरिएको विवरण थान १५ (पन्ध्र मात्र) यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

..............
राम चन्द्र भट्ट
कृषि प्रसार अधिकृत, आठौ
एबम सूचना अधिकारी

बोधार्थ:

१. श्री राष्ट्रिय सुचना आयोग, त्रिपुरेश्वर, काठमाडौं ।
२. जिल्ला प्रशासन कार्यालय, महेन्द्रनगर, कंचनपुर ।

सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३ ) र सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८० श्रावण देखि २०८१ असार मसान्त सम्म

सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

सुदुरपश्चिम प्रदेश सरकार
भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र
सुन्दरपुर,कंचनपुर

स्वत :प्रकाशन
(Proactive Disclosure)

नेपाल को संबिधानको धारा २७ तथा सुचनाको हक सम्बधि ऐन ,२०६४ को दफा ५ र सुचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । सुदुरपश्चिम प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर ,कंचनपुरबाट भए गरेका काम कारवाहीहरुको यथार्थ जानकारी आम नागरिकमा पुगोस् भन्ने हेतुले यस कार्यालय बाट २०८० श्रावण देखि २०८१ असार मसान्त सम्म सम्पन्न भएका क्रियाकलापहरुको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

...................

मितिः २०८१/०४/०७

कृ.व्य.प्र.स.ता.के. सुन्दरपुर, कंचनपुर

१. ऐतिहासिक पृष्ठभूमी

सुदूरश्चिम प्रदेश अन्तरगत रहेका ९ वटा जिल्लाका कृषक, कृषि प्राविधिक तथा कृषि पेशासँग सरोकार राख्ने ब्यक्तिहरुको ज्ञान, धारणा र सीपमा सकारात्मक परिवर्तन ल्याउन सहज वातावरणको निर्माण होस् भन्ने उद्देश्य अनुरुप तत्कालीन श्री ५ को सरकारको मिति २०६०/०४/२९ को निर्णय बमोजिम भैरहवामा रहेको क्षेत्रिय कृषि तालिम केन्द्रलाई कृषि पाइलट फार्म सुन्दरपुर, कञ्चनपुरमा स्थानान्तरण गरिएको थियो ।

क्षेत्रीय कृषि तालिम केन्द्र (साविक) र हाल कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुर, कञ्चनपुर, जिल्लाको सदरमुकाम महेन्द्रनगर देखि पूर्व बेदकोट नगरपालिकाको लालपुरसम्म ५ कि.मि. राजमार्गमा र महेन्द्रराजमार्गको लालपुरदेखि ३ कि.मि. दक्षिण (नहरको किनार पक्की बाटो भएको) वेदकोट नगरपालिका वा.नं. ९ को सुन्दरपुर गाँउमा अवस्थित छ ।

साविक क्षेत्रीय कृषि तालिम केन्द्र र हाल कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र, सुन्दरपुरले मुख्यतया विगतको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको रुपमा रहेको र हाल सुदूरपश्चिमाञ्चल प्रदेशका दुई अञ्चल सेती (कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा) र महाकाली (कञ्चनपुर, डडेल्धुरा, बैतडी, दार्चुला) का ९ वटा जिल्लाहरु र आवश्यकता अनुसार अन्य क्षेत्रका जिल्लाहरुका लागि समेत कृषि विषयवस्तुमा तालिम प्रदायक संस्थाका रुपमा सेवा पुर्याउदै आइरहेको छ ।

यो तालिम केन्द्र रहेको परिसरको कुल २३.८ हेक्टर क्षेत्रफल मध्ये ८.८ हेक्टरमा कार्यालय भवन आवास, सडक, थ्रेसिंगफ्लोर, ग्यारेज तथा गोदाम घर का साथै बीउ बिजन प्रयोगशाला, माटो तथा मल परिक्षण प्रयोगशाला, बाली संरक्षण प्रयोगशालाका साथै कृषि बिकास फार्मका भवनहरु रहेका छन् भने खेतियोग्य १५ हेक्टर क्षेत्रफलमा हाल कृषि बिकास फर्मले बीउ उत्पादनको कार्यक्रम सञ्चालन गरिरहेको छ ।

यस तालिम केन्द्रले बिभिन्न बिषयवस्तुमा आधारित प्राबिधिक तथा अगुवा कृषक स्तरीय तालिम आयोजना गर्ने गरेको छ । यी तालिमहरुलाई प्रभावकारी बनाउन बेला–बेलामा पाठ्यक्रम एबं पाठ्य सामाग्रीहरुको परिमार्जन व्यवस्थापन गर्ने गरीएको छ भने विभिन्न निकायहरुबाट अनुभवी प्रशिक्षकहरुलाई आमन्त्रण गरी प्रशिक्षण कार्य गर्ने गरिएको छ । तालिम पश्चात तालिमको प्रभावकारीता अध्ययनका लागि अनुगमन तथा मूल्यांकन पनि गरिदै आईरहेको छ ।

आ.ब. २०७७/७८ देखि यस केन्द्रबाट कृषि व्यवसाय प्रबर्द्धन तथा सहयोगका कार्यक्रमहरु पनि संचालन गरिदै छन। कृषकहरुलाई कृषि उद्यमी बनाउन सहयोग गर्ने उद्धेश्यका साथ कृषि उस्मायन पद्धती मार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम २०७७/७८ आर्थिक वर्ष देखि संचालन गरीएको छ । कृषि प्रविधि सम्बन्धि क्षमता अभिबृद्धी तालिम संचालन गर्नुका साथै एकिकृत कृषि बजार निर्माण, संचालन तथा हस्तान्तरण कार्यक्रम र राष्ट्रिय आवास कम्पनी लिमिटेडको कंचनपुर जिल्लाको पुनर्वास स्थित ७४ विघा जमीनमा कृषि अनुसन्धान, प्रसार तथा शिक्षा कार्यक्रम समेत शुरु गरीएका छन ।

२. भावी सोच

मानवीय विकास मार्फत आर्थिक विकास गर्नका लागि सक्षम जनशक्ति विकास गर्नु एवं व्यवसायिक कृषक तयार गर्नु यस तालिम केन्द्रको भावी सोच रहेको छ ।

३. ध्येय

कृषक तथा कृषि प्राविधिकहरुको प्राविधिक तथा संस्थागत विकास सम्बन्धि आवश्यक ज्ञान, सीप अभिवृद्धि गरी उनीहरुको धारणामा सकारात्मक परिवर्तन गरी कृषि प्रणालीलाई व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गर्न टेवा पुर्‍याउनु यस केन्द्रको ध्येय रहेको छ ।

४. उद्देश्यहरु

- कृषि व्यवसाय प्रवर्धनका लागि आवश्यक सहयोग गरी व्यवसायीक कृषकहरु तथा कृषि उध्यमीहरु को सँख्या बृद्धी गर्ने ।

- कृषि प्राविधिकहरु तथा कृषकहरुको व्यवसायीक कृषि तथा उन्नत कृषि प्रविधि सम्बन्धि आवश्यक ज्ञान तथा सीप व्यवहारीक तालिमका माध्यमबाट विकास गर्ने ।

५. नीति तथा रणनीतिहरु

- कृषक तथा विभिन्न तहका कर्मचारीहरुको लागि सरोकारवालाहरुको सहयोगमा तालिम आवश्यकता पहिचान गर्ने ।
- तालिम आवश्यकताका आधारमा तालिम पाठ्यक्रम तर्जुमा गर्ने ।
- समावेशीताका आधारमा सहभागीहरुको छनौट गर्ने कार्य कृषि ज्ञान केन्द्र तथा स्थानीय निकायका कृषि शाखाहरुले गर्ने ।
- तालिमको विषयका आधारमा तालिम स्थल तथा प्रशिक्षकहरुको छनौट गर्ने कार्य यस केन्द्र ले गर्ने र तालिम सचालन गर्ने ।

६. मुख्य कार्यहरु

यस आ.ब मा संचालित कार्यक्रमहरु निम्नानुसार रहेका छन ।

६.१. तालिम कार्यक्रम संचालन

क) चौथा, पाचौ र छैठौ तहका प्राबिधिक स्तरीय तालिम

- लि-वर्ड संगको समन्वय तथा प्राविधिक सहयोगमा सहभागिता मुलक जातीय छनौट कृषक पाठशाला संचालन तालिम श्रोत व्यक्ति तयारी सम्बन्धि (९ दिने)- कार्यालयमा सम्पन्न भएको
- व्यावसायिक मौरीपालन तालिम (१२ दिने)- कार्यालयमा सम्पन्न भएको
- प्लान्ट क्लिनिक डाक्टर मोड्युल १/२ तालिम (१० दिने)- कार्यालयमा सम्पन्न भएको
- टमाटरमा लाग्ने रोग किरा ब्यबस्थापन सम्बन्धि तालिम (३ दिने)- डडेल्धुरामा सम्पन्न भएको

ख) अगुवा कृषक स्तरीय तालिम

- च्याउ खेती सम्बन्धि श्रोत व्यक्ति तयारी सम्बन्धि तालिम (६ दिने)- कार्यालयमा सम्पन्न भएको
- गोब्रे च्याउ तयारी सम्बन्धि तालिम (६ दिने)- कार्यालयमा सम्पन्न भएको
- कृषि यन्त्र उपकरण मर्मत सम्भार सम्बन्धि तालिम (६ दिने)- झलारी, कंचनपुरमा
- रैथाने वालीको परिकार तयारी तालिम ( ६ दिने)- धनगढी, कैलालीमा सम्पन्न भएको
- अछामका किबी कृषकहरुका लागि किबी खेति समबन्धि स्थलगत तालिम( ३ दिने)- मंगलसेन, अछाममा सम्पन्न भएको
- प्लास्टिक घर निर्माण तालिम ( १० दिने)- कार्यालयमा सम्पन्न भएको
- सुन्तलाजात फलफुल खेति सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम (१० दिने)- सहजपुर, कैलालीमा सम्पन्न भएको
- गड्यौला मल तथा भकारो सुधार सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम (८ दिने)- कार्यालयमा समपन्न भएको

(ग) अन्य तालिम

- कृषि पशुपन्छी तथा जडीबुटी अभिकर्ता तालिम ( ३ दिने)- कार्यालयमा सम्पन्न भएको
- खुद्रा बिउबिजन तथा बिषादी बिक्रेता अनुमति पत्र तालिम ( ९ दिने)- कार्यालयमा सम्पन्न भएको

- कृषि पशुपन्छी तथा जडीबुटी क्षति मुल्यांकनकर्ता तालिम (३ दिने)- कार्यालयमा सम्पन्न भएको

६.२ कृषि व्यवसाय प्रवर्द्धन सहयोग

क) एकिकृत कृषि बजार निर्माण, संचालन तथा हस्तान्तरण

- आ.ब. २०७८/७९ परशुराम न.पा, डडेल्धुरा, स्वमिकार्तिक गा.पा, बाजुरा, जयपृथ्वी न.पा, बझांगमा निर्माण गरिएका एकिकृत कृषि बजारहरु पालिकालाई हस्तान्तरण गरिएका

ग) कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम

६.३ तालिम अनुगमन तथा मूल्याकंन

६.४ तालिम पाठयक्रम तर्जुमा तथा परिमार्जन

६.५ तालिम केन्द्र परिसरमा नमूना फिल्ड प्रदर्शन ।

## ७. केन्द्रको हालको संगठन संरचना

**७ हालको संगठन संरचना:**




## ८. कार्य विवरण

### ८.१ कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुकोरोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत कृषि बाली र वस्तुको विकास एवं विस्तारका लागि व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्रासिका लागि सम्वन्धितनिकायहरुसंगसम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्धन सम्वन्धितनिकायहरुबीच समन्वय कायम गर्ने,

- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि वजार तथा पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

८.२ कृषि व्यवसाय तालिम शाखा

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुपविशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धनसम्वन्धीतालिमहरुसंचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाटसंचालितव्यवसायिक योजना कार्यान्वयन तथा शिप विकास सम्वन्धिकार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

८.३ प्रशासन शाखा

८.३.१ लेखा फाँट

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- नियमित रुपमा लेखा परिक्षण गराउने ।
- बेरुजु हुन नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमाबेरुजुफछ्र्यौटसम्बन्धिकार्यहरु गर्ने ।

८.३,२ सामान्य प्रशासन तथा स्टोर फाँट

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धिकामहरु गर्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- कार्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा दुरुपयोग हुन नदिन आवश्यक कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने ।
- तालिम केन्द्रमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी सामानहरुको विवरण अद्यावधिक राख्ने
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने
- दर्तारचलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने

९. जनशक्ति/दरबन्दी बिबरण

| क्र.सं. | पद | स्वीकृत दरबन्दी | | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्र. | प्रा. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख | | १ | ० | १ | |
| २ | बरिष्ठ कृषि प्रसार अधिकृत | | १ | १ | ० | |
| ३ | बरिष्ठ कृषि अर्थ बिज्ञ | | १ | ० | १ | |
| ४ | कृषि प्रसार अधिकृत | | २ | १ | १ | १ जना करारमा |
| ५ | प्राबिधिक सहायक | | ३ | १ | २ | |
| ६ | नायब सुब्बा | १ | | १ | ० | |
| ७ | खरिदार | १ | | ० | १ | |
| ८ | लेखापाल | १ | | ० | १ | |
| ९ | हलुका सवारी चालक | २ | | १ | १ | १ जना करारमा |
| १० | कार्यालय सहयोगी | ३ | | ३ | ० | |
| | जम्मा | ८ | ८ | ८ | ८ | |

## १०. कार्यालयको नागरिक बडापत्र

| क्र.स | प्रदान गरिने सेवा /सुविधाको प्रकार | सेवाग्राही | सेवाग्राहिले पुर्याउनुपर्ने प्रकृया | शुल्क दस्तुर | लाग्ने समय | लाग्ने समय जिम्मेवार शाखा /कर्मचारी | सेवा प्रास नभएमा गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारी स्तर तालिम | | | | | | |
| क | कर्मचारीका लागि विषयगत तथा क्षमता अभिबृदी तालिम | कृषि सेवाका सातौं,छैठों,पाँचौ ,चौथो तहमा कार्यरत कर्मचारी हरु | जिल्ला स्थित कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | निशुल्क | तालिम को प्रकृतिअनुसार कम्तिमा १ हसा देखि १५ दिन सम्म | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| २ | कृषक स्तर तालिम | | | | | | |
| क. | अगुवा कृषक तालिम | अगुवा कृषक | जिल्ला स्थित कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | निशुल्क | १-२ हसा | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| ३. | अन्य संघ /संस्था संग साझेदारीमा | सरकारी तथा गैर्ह सरकारी संस्था ,सहकारी समूह | औपचारिक पत्र /सम्पर्क | लागत साझेदारि बमोजिम | तालिम कार्यतालिका | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | तालिम संचालन | | | | बमोजिम | | |
| ४ | कृषि व्यवसाय प्रवर्द्धन | | | | | | |
| क | खुद्रा विषादी तथा बिउबिजन अनुमति पत्र तालिम | | जिल्ला स्थित कार्यालयले छनौट गरि सहभागिताको लागि पठाउने | निशुल्क | १-२ हप्ता | कृषि व्यवसाय तालिम शाखा | प्रमुख |
| ख | कृषि बजार विकास तथा कृषि व्यवसाय प्रवर्द्धन तथा कृषि उधमी सहयोग | | सम्बन्धित कार्यविधि बमोजिम तोकिएका कागजात सहित आवेदन | रु.१० को टिकट | १ महिना आवेदन समय | कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | प्रमुख |
| ५ | तालिम परिसर अवलोकन तथा भ्रमण | तालिम केन्द्र परिसर अवलोकन गर्न चाहने इच्छुक सबै | १ हप्ता अगाडी यस केन्द्र मा निवेदनपेश गर्नु पर्ने | निशुल्क | बर्षभरी | प्रशासन शाखा | प्रमुख |
| ६ | तालिम कार्यक्रम योजना ,प्रगती बजेट र नर्मससम्बन्धि जानकारी उपलब्ध गराउने | सम्बन्धित निकाय /कार्यालय | औपचारिक पत्र /सम्पर्क | निशुल्क | तुरुन्त | कृषि व्यवसाय प्रवर्द्धन शाखा | प्रमुख |
| ७ | तालिम संग सम्बन्धित भौतिक सामग्री (छात्रावास) | अवलोकन तथा तालिम मा आउने सहभागी हरुका लागि | औपचारिक पत्र/सम्पर्क | कार्यालयको नियामानुसार | अवस्था हेरेर | प्रशासन /स्टोर/लेखा फाँट | प्रमुख |
| ८ | सुचना तथा जानकारी | | लिखित निवेदन माग | ५ पेज सम्म निशुल्क ,५ पेज पछि प्रति पेज रु .५ | सुचनाको मागको प्रकृति हेरी बढीमा ७ दिन | सुचनाअधिकारि मार्फत | प्रमुख |
| ९ | भुक्तानि | | कामको प्रकृति अनुसार निवेदन,बिलभर्पाइ तथा प्राविधिक | निशुल्क | कामको प्रकृति हेरी ३ देखि ७ दिन सम्म | लेखा शाखा | प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | मुल्यांकन | | | | |

११. कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र सम्पर्क न.

क .कार्यालय प्रमुख

| |
|---|
| नामः गोकुल प्रसाद बोहरा |
| पदः प्रमुख |
| सम्पर्क नंः ९८६५७४१००५ |
| ख. सूचना अधिकारी |
| नामः रामचन्द्र भट्ट |
| पदः कृषि प्रसार अधिकृत, आठौ |
| सम्पर्क नः ९८५८७५१३६६ |

१२. ऐन नियम र निर्देशिकाको सुची

- कृषि तथा पशुपंक्षी व्यवसाय प्रबर्द्धन ऐन २०७६, नियमावली २०७९
- कृषि उस्मायन पद्दति मार्फत कृषि उधमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
- कार्य संचालन निर्देशिका २०७५
- कृषि बजार निर्माण संचालन तथा हस्तान्तरण कार्यविधि, २०७७
- कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम निर्देशिका, २०७८

१३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अधावधिक विवरण

क. राजस्व संकलन सम्बन्धि विवरण

| क्र.सं. | कृषि व्यवसाय प्रबर्द्धन स.त.ता.के. | चौथो त्रैमासिक राजश्व (रु.) | बार्षिक राजश्व (रु.) |
|---|---|---|---|
| १ | सरकारी सम्पतिको वहाल तथा कृषिको बिक्रबाट प्राप्त | १११३००० | २,८०६,५३५ |
| | जम्मा | १११३००० | २,८०६,५३५ |

ख .कार्यालय खर्च सम्बन्धि विवरण

| कार्यक्रम/क्रियाकलापहरु | वार्षिक विनियोजन हजारमा | पुँजीगत (रु हजारमा) | | | चालु खर्च (रु. हजारमा) | | | जम्मा खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | निकासा | खर्च रु. | बजेट | निकासा | खर्च रु. | खर्च रु. |
| प्रदेश सरकार तर्फ | ६२९०० | १४०० | १४०० | १४०० | ६१५०६ | ६१५०६ | २९३८६.६९ | ३०७८६.६९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ६२९०० | १४०० | १४०० | १४०० | ६१५०६ | ६१५०६ | २९३८६.६९ | ३०७८६.६९ |

१४. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र सुन्दरपुर को वेभसाइट
http://www.abpstc.sudurpashchim.gov.np

१५. आ.व.२०८०/८१ मा सञ्चालित मुख्य मुख्य कार्यक्रम र प्राप्त उपलब्धीहरु

बजेट रु हजारमा

| क्र. सं. | कार्यक्रम | बार्षिक विनियोजन | खर्च | मुख्य मुख्य उपलब्धी | कार्यक्रम स्थलको ठेगाना |
|---|---|---|---|---|---|
| १ | सहभागिता मुलक जातीय छनौट कृषक पाठशाला संचालन तालिम श्रोत व्यक्ति तयारी सम्बन्धि तालिम | 640 | 605.16 | चौथो तथा पाचौ तहका 23 जना कृषि प्राविधि कर्मचारीहरुको क्षमतमा अभिबृद्धि हुनको साथै सहभागिता मुलक जातिय छनौट कृषक पाठशाला तालिमको श्रोत व्यक्ति तयार भएको । | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| २ | गोब्रे च्याउ तयारी सम्बन्धि तालीम | 480 | ४७२ | सू.प. प्रदेशका नौ वटै जिल्लाका १० जना महिला र १७ जना पूरुष कृषक सहभागिहरु च्याउ उत्पादन गर्न सक्षम भएका तथा तालिम केन्द्रमा प्रदर्शनी गरको च्याउ बिक्रीबाट ८२ हजार वरावरको राजश्व जम्मा भएको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| ३ | संरक्षित संचना भित्र व्यवसायिक कृषि खेती | 320 | २८० | सू.प. प्रदेशका नौ वटै जिल्लाका ५ जना महिला र १६ जना पूरुष कृषक सहभागिहरुले संरक्षित संरचना सम्बन्धि तालिम लिई सक्षम भएका | भात्काडा डडेल्धुरा |
| ४ | कृषि पशुपंक्षी तथा जडिबुडी बिमा अभिकर्ता तालिम | 600 | 518.2 | ३२ जना महिला र ३६ जना पूरुष सहभागिहरुले कृषि पशुसंक्षी तथा जडिबुडि तालिम लिएको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| ५ | आलु खेती सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | 4500 | ३५९८ | ८ जना महिला र २१ जना पूरुष कृषक सहभागिहरुले आलु खेति प्रविधि सम्बन्धि तालिम लिई आलु उत्पादन गर्न सक्षम भएका | भात्काडा डडेल्धुरा |
| ६ | सुन्तला जात फलफूल श्रोत व्यक्ति तयारी तालिम | | | २३ जना कर्मचारीले सहभागिहरुले सुन्तला जात फलपूल श्रोत व्यक्ति तयारी तालिम लिई सक्षम भएका | सहजपुर कैलाली |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | प्लाष्टिक घर निर्माण सम्बन्धि तालिम | | | सू.प. प्रदेशका नौ वटै जिल्लाका ९ जना महिला र १४ जना पूरुष सहभागिहरुले प्लाष्टिक घर निर्माण सम्बन्धि तालिम लिई प्लाष्टिक घर निर्माणको ज्ञान हुनका साथै प्लाष्टिक घर भित्र तरकारी खेती गर्ने ज्ञान हासिल भएको । | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| ८ | गडचौलामल तथा भकारो सुधार सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | | | सू.प. प्रदेशका नौ वटै जिल्लाका ८ जना महिला र १३ जना पूरुष सहभागिहरुले गडचौलामल तथा भकारो सुधार सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम लिई ज्ञान सिप क्षमतामा अभिबृद्धि भई व्यवसाय संचालनमा सहयोग भएको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| ९ | व्यावसायिक मौरीपालन तालिम प्राविधिक स्तर | 960 | 956.69 | सू.प. प्रदेशका नौ वटै जिल्लाका ८ जना महिला र १८ जना पूरुष कर्मारी सहभागिहरुले व्यावसायिक मौरीपालन सम्बन्धि तालिम लिई सक्षम भएको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| १० | रैथाने वाली परिकार तयारी तालिम | 660 | 595.3 | सू.प. प्रदेशका नौ वटै जिल्लाका ९ जना महिला र १४ जना पूरुष सहभागिहरुले रैथाने वाली परिकार तयारी तालिम लिईको | धनगढी, कैलाली |
| ११ | कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धि तालिम | 960 | 931.3 | ५१ जना पूरुष सहभागिले कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धि तालिम लिई मर्मत सम्भार गर्न सक्षम भएको | झलारी, कन्चनपुर |
| १२ | बीउ विजन अनुमति पत्र तालिम | ३६० | 357.35 | १५ जना महिला र ४२ जना पूरुष सहभागिहरुले बीउ विजन अनुमति पत्र तालिम लिई प्रमाण पत्र प्राप्त गरी बीउ विजन व्यवसाय संचालनमा सहयोग पुगेको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| १३ | बिषादि व्यवस्थापन तालिम | | | २६ जना महिला र ३९ जना पूरुष सहभागिहरुले बिषादि व्यवस्थापन तालिम लिई प्रमाण पत्र प्राप्त गरी विषादि व्यवसाय संचालनमा सहयोग पुगेको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| १४ | च्याउ खेती प्रविधि सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | 600 | | सू.प. प्रदेशका नौ वटै जिल्लाका ११ जना महिला र १४ जना पूरुषा कृषक सहभागिहरुले गोब्रे च्याउ उत्पादन गर्न सक्षम भएका | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | प्लान्ट क्लिनिक मोडयूल १ र २ तालिम प्राविधिक स्तर | ८०० | 794.59 | ५ जना महिला कर्मचारि र २१ जना पूरुष कर्मचारि सहभागिहरुले प्लान्ट क्लिनिक मोडयूल १ र २ तालिम सम्बन्धि ज्ञान हासिल गरेको र क्षमता अभिबृद्धि भएको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| १६ | किवि खेती सम्बन्धि तालिम | 300 | 299.15 | अछाम जिल्लाका १ जना महिला र २३ जना पूरुष सहभागिहरुले किवि खेती सम्बन्धि तालिम लिई ज्ञान हासिल गरेकोदे व्यवसाय संचालनमा सहयोग पुगेको | अछाम |
| १७ | बिमा क्षति मूल्यांकन तालिम | ३०० | 140.9 | १ जना महिला र २३ जना पूरुष सहभागिहरुले किवि खेती सम्बन्धि तालिम लिई ज्ञान हासिल गरेकोदे व्यवसाय संचालनमा सहयोग पुगेको | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |
| १८ | नेपालका कृषि श्रोत केन्द्रहरुमा नविनतम कृषि प्रविधि सक्बन्धि स्थलगत तालिम | ९२८ | ८१७.०८ | सू.प. प्रदेशका नौ वटै जिल्लाका ३ जना महिला र २४ जना पूरुष सहभागिहरुले देशका विभिन्न स्थानमा रहेको फार्मको अबलोकन गरी ज्ञान र क्षमतामा अभिबृद्धि भएको | सु.प., लुम्बिनी, गण्डकी र कर्णाली प्रदेश |
| १९ | टमाटर बालीमा लाग्ने रोगकिरा व्यवस्थापन सम्बन्धि तालिम | २४० | 240 | सू.प. प्रदेशका नौ वटै जिल्लाका ६ जना महिला कर्मचारी र १३ जना पूरुष कर्मचारी सहभागिहरुले टमाटर बालीमा लाग्ने रोगकिरा व्यवस्थापन सम्बन्धि तालिम लिई ज्ञान सिप क्षमतामा अभिबृद्धि भएको | डडेल्धुरा |
| २० | गडयौलामल तथा भकारो सुधार सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | ६०० | ५८९ | सू.प. प्रदेशका नौ वटै जिल्लाका २८ जना कृषकहरु गडयौला मल तथा भकारो सुधारमा बिज्ञ भएका | कृ.व्य.प्र.स.तथा ता.के. सुन्दरपुर |

१६. यस केन्द्र यस अवधिमा संचालन गरेका कार्यक्रम र लाभान्वित संख्या

क. तालिम कार्यक्रम

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | लाभान्वित कृषक संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लैंगिक | | | सामाजिक | | | | आर्थिक | | | युवा कृषक (१५-५९ वर्ष) |
| | | जम्मा | महिला | पुरुष | जम्मा | दलित | जनजाति | अन्य | जम्मा | विपन्न | अन्य | जम्मा | |
| १ | सहभागिता मुलक जातीय छनौट कृषक पाठशाला संचालन तालिम | २३ | ६ | १७ | २३ | १ | ४ | १८ | २३ | ० | २३ | २३ | २३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्रोत व्यक्ति तयारी सम्बन्धि तालिम | | | | | | | | | | | | |
| २ | गोब्रे च्याउ तयारी सम्बन्धि तालीम | २५ | ११ | १४ | २५ | १ | ५ | १९ | २५ | ० | २५ | २५ | २५ |
| ३ | च्याउ खेती प्रविधि सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | २७ | १० | १७ | २७ | ० | ७ | २० | २७ | ० | २७ | २७ | २७ |
| ४ | आलु खेती सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | २९ | ८ | २१ | २९ | ० | ६ | २३ | २९ | ० | २९ | २९ | २९ |
| ५ | संरक्षित संचना भित्र व्यवसायिक कृषि खेती | २१ | ५ | १६ | २१ | २ | ४ | १५ | २१ | ० | २१ | २१ | २१ |
| ६ | कृषि पशुपंक्षी तथा जडिबुडी तालिम | ६८ | ३२ | ३६ | ६८ | ५ | १६ | ४७ | ६८ | ० | ६८ | ६८ | ६८ |
| ७ | व्यावसायिक मौरीपालन तालिम प्राविधिक स्तर | २६ | ८ | १८ | २६ | १ | १ | २४ | २६ | ० | २६ | २६ | २६ |
| ८ | रैथाने वाली परिकार तयारी तालिम | २३ | ९ | १४ | २३ | ० | २ | २१ | २३ | ० | २३ | २३ | २३ |
| ९ | प्लाष्टिक घर निर्माण सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | ३२ | ५ | २७ | ३२ | ३ | ५ | २४ | ३२ | ० | ३२ | ३२ | ३२ |
| १० | बीउ विजन अनुमति पत्र तालिम | ५७ | १५ | ४२ | ५७ | ४ | ७ | ४६ | ५७ | ० | ५७ | ५७ | ५७ |
| ११ | बिषादि व्यवस्थापन तालिम | ६५ | २६ | ३९ | ६५ | ४ | ११ | ५० | ६५ | ० | ६५ | ६५ | ६५ |
| १२ | सुन्तला जात फलपूल श्रोत व्यक्ति तयारी तालिम | २३ | ० | २३ | २३ | १ | ० | २२ | २३ | ० | २३ | २३ | २३ |
| १३ | कृषि यन्त्र संचालन तथा मर्मत सम्बन्धि तालिम | ५१ | ० | ५१ | ५१ | ५ | ८ | ३८ | ५१ | ० | ५१ | ५१ | ५१ |
| १४ | प्लान्ट क्लिनिक मोड्यूल १ र २ तालिम प्राविधिक स्तर | २६ | ५ | २१ | २६ | १ | ३ | २२ | २६ | ० | २६ | २६ | २६ |
| १५ | किवि खेती सम्बन्धि तालिम | २४ | १ | २३ | २४ | २ | १ | २१ | २४ | ० | २४ | २४ | २४ |
| १६ | बिमा क्षति मुल्यांकन कर्ता लिम | २७ | ३ | २४ | २७ | १ | ३ | २३ | २७ | ० | २७ | २७ | २७ |
| १७ | नेपालका श्रोत केन्द्रहरुमा नविनतम कृषि प्रबिधि सम्बन्धि स्थलगत तालिम | २७ | ३ | २४ | २७ | ० | ३ | २४ | २७ | ० | २७ | २७ | २७ |
| १८ | टमाटर बालीमा लाग्ने रोगकिरा व्यवस्थापन सम्बन्धि तालिम | १७ | ६ | १३ | १९ | १ | ० | १८ | १९ | ० | १९ | १९ | १९ |
| १९ | गड्यौलामल तथा भकारो सुधार सम्बन्धि श्रोत व्यक्ति तयारी तालिम | २८ | ८ | २० | २८ | २ | ८ | १८ | २८ | ० | २८ | २८ | २८ |
| | कूल जम्मा | ६ | १६ | ४ | ६ | ३ | ९४ | ४ | ६ | ० | ६ | ६ | ६२१ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १९ | १ | ६० | २१ | ४ | | ९३ | २१ | | २१ | २१ | |

ख. अन्य सम्पन्न कार्यक्रमहरु

१. कार्यालय परिसरमा तरकारी खेति ,कम्पोस्ट मल ,च्याउ खेति फुल बगैंचा ,गड़ौली मल प्रविधि प्रदशन व्यवस्थापन तथा निर्माण(अन्य सेवा टेवा कार्यक्रम)

२. कृषि उत्पादनका विषयमा शोधकार्य/Internship कार्यक्रम

३. कृषि शिक्षा अनुसन्धान तथा प्रसार कार्यक्रम अन्तर्गत कृषि प्रविधि प्रदर्शन कार्यक्रम खर्च(कृषि शिक्षा अनुसन्धान र प्रसार कार्यक्रम)(कृषि शिक्षा अनुसन्धान र प्रसार कार्यक्रम)

४. कृषि सिकाई तथा प्रशिक्षण प्रणाली Upgrade तथा तालिम पाठ्यक्रम बमोजिम भिडियो कन्टेन्ट निर्माण तथा अपलोड

१६. संचालन हुन नसकेका कार्यक्रमहरु र प्रगति नपुगका कारणहरु

| क. सं. | क्रियाकलाप | बजेट | इकाई | लक्ष्य | प्रगति | नपुग | प्रगति नपुगका जायज कारणहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ड्रागन फल खेती प्रविधि तालिम | | १ | १ | ० | १ | सूदुरपश्चिम प्रदेशमा ड्रागन फल खेती गर्ने कृषक न्यून भएको ले संचालन गर्न उपयूक्त नदेखिएकोले |
| २ | तालिम केन्द्र वरिपरिका कृषक हरुलाई व्यवसायिक कृषि सम्बन्धि सेवा टेवा कार्यक्रम | | १ | १ | ० | १ | सूचना प्रकाशन पश्चात कृषकको खेतबारी निरिक्षण गर्दा कार्य संचालन गर्न उपयूक्त नदेखिएकोले |
| ३ | उस्मायन स्थल लाई कार्यविधि वमोजिम पूर्वाधार विकासका लागि पूजिगत अनुदान कार्यक्रम | | १ | ११ | ० | ११ | रायको लागि मन्त्रालयमा लेखि पठाईएकोमा कुनै प्रतिकृया नआएको |
| ४ | उस्मायन कार्यक्रममा कृषकहरुलाई अभिमुखिकरण तालिम संचालन | | १ | १ | ० | १ | रायको लागि मन्त्रालयमा लेखि पठाईएकोमा कुनै प्रतिकृया नआएको |
| ५ | बृहत एवं विशेष उत्पादन तथा औद्योगिकरण कार्यक्रम | | १ | १ | ० | १ | रायको लागि मन्त्रालयमा लेखि पठाईएकोमा कुनै प्रतिकृया नआएको |

**आ.ब. २०८०/८१ को प्रगति**

चालु वित्तीय प्रगति प्रतिशत : ४७.७८ %

पुँजीगत वित्तीय प्रगति प्रतिशत : १०० %

कुल प्रगति प्रतिशतः ४८.९४ %

**सम्पर्क ठेगाना**


इमेलः ratc.sundarpur@gmail.com

फोन न. ०९९-५९०१७३

फेसबुक पेजः कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

बेदकोट न.पा-९, सुन्दरपुर ,कंचनपुर